# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ६८) काठमाडौं, वैशाख ५ गते, २०७५ साल (संख्या २**

# भाग ३

नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

**मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (गठन) आदेश, २०७४**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (गठन) आदेश, २०७४" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "अध्यक्ष" भन्नाले दफा ३ को उपदफा (२) बमोजिमको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले सम्झौतामा उल्लिखित विद्युत प्रसारण र सडक मर्मत आयोजना सम्झनु पर्छ।

(ग) "एमसिसि" भन्नाले संयुक्त राज्य अमेरिका सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेशन सम्झनु पर्छ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(छ) "सम्झौता" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेसनबीच सवंत् २०७४ भाद्र २९ (तदनुसार सेप्टम्बर १४, २०१७) मा सम्पन्न मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ज) "सदस्य" भन्नाले दफा ३ को उपदफा (२) बमोजिमको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।

(झ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति सम्झनु पर्छ।

३. <u>**समितिको गठनः**</u> (१) नेपाल सरकार, अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेसन बीच सवंत् २०७४ भाद्र २९ (तदनुसार सेप्टम्बर १४, २०१७) मा सम्पन्न मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) कार्यान्वयन गर्नको लागि मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल नामको एक विकास समिति गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिमको समितिको सञ्चालनको लागि देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | सहसचिव, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | -सदस्य |
| (ग) | सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | -सदस्य |
| (घ) | कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | -सदस्य |
| (ङ) | नागरिक समुदायको तर्फबाट एक जना | -सदस्य |
| (च) | निजी क्षेत्रका व्यापारिक संघ तथा संस्थाहरु मध्येबाट एकजना | -सदस्य |
| (छ) | कार्यकारी निर्देशक | -सदस्य-सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यको चयन सञ्चालक समितिले एमसिसिको सहमतिमा निर्धारण गरेको प्रक्रिया अनुसार गरिनेछ।

(४) उपदफा (३) बमोजिम सदस्यको चयन गर्दा वैकल्पिक सदस्य समेत चयन गर्नु पर्नेछ।

(५) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ र सञ्चालक समितिले उपयुक्त ठानेमा एमसिसिको सहमतिमा निजको पदावधि थप गर्न सक्नेछ।

४. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्झौता बमोजिम आयोजनाको व्यवस्थापन, सुपरीवेक्षण तथा कार्यान्वयन गर्ने,

(ख) समितिको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) आयोजना कार्यान्वयन सम्बन्धमा नीति निर्धारण गर्ने,

(घ) आयोजना कार्यान्वयनको प्रयोजनको लागि स्वदेशी निकायसँग सम्झौता गर्ने,

(ङ) आयोजनाको लागि स्रोतको व्यवस्थापन गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने।

५. **सञ्चालक समितिको बैठक र निर्णयः** (१) सञ्चालक समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै सबै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

सदस्यहरुलाई दिनु पर्नेछ र त्यसरी सूचना दिँदा बैठकमा छलफल हुने विषय समेत उपलब्ध गराउनु पर्नेछ।

तर आकस्मिक रुपमा बैठक बस्नु परेमा कम्तीमा अठ्चालीस घण्टा अगावै सूचना दिई बैठक बोलाउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम बैठक बस्ने सूचना दिँदा दफा ३ को उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यमध्ये कुनै सदस्यले बैठकमा उपस्थित हुन नसक्ने कुराको जानकारी समितिलाई गराएमा सदस्य-सचिवले सो बैठकमा उपस्थित हुन दफा ३ को उपदफा (४) बमोजिमको वैकल्पिक सदस्यलाई सूचना दिनु पर्नेछ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा सञ्चालक समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(७) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(९) बैठकको कार्यसूचीमा समावेश भएको कुनै विषयमा छलफल वा निर्णय गर्दा कुनै सदस्यको निजी स्वार्थ रहेको देखिएमा सम्बन्धित सदस्यले सो कुरा सञ्चालक समितिलाई जानकारी गराउनु पर्नेछ र निजले त्यस्तो छलफलमा भाग लिन पाउने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(१०) सञ्चालक समितिको बैठकमा मन्त्रालयको अन्तर्राष्ट्रिय सहायता समन्वय महाशाखाको प्रमुख र नेपालका लागि एमसिसिको आवासीय निर्देशक सञ्चालक समितिको आमन्त्रित सदस्यको रूपमा रहने छन् । आमन्त्रित सदस्यलाई बैठकमा कुनै विषयमा निर्णय गर्दा मत दिने अधिकार हुने छैन।

(११) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः</u> (१) समितिको प्रशासकीय प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशकको नियुक्ति सञ्चालक समितिले तोके बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट बिना भेदभाव, खुला, पारदर्शी र प्रतिस्पर्धात्मक प्रतियोगिताको आधारमा गरिनेछ।

(३) कार्यकारी निर्देशकको छनौटको प्रक्रिया एमसिसिको सहमतिमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) कार्यकारी निर्देशकको पदावधि तीन वर्षको हुनेछ र निजको काम सन्तोषजनक रहेमा सञ्चालक समितिले आवश्यकता अनुसार निजको पदावधि थप गर्न सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले देहायको कुनै अवस्थामा एमसिसिको सहमति लिई कार्यकारी निर्देशकलाई निजको पदावधि पूरा नहुँदै पदबाट हटाउन सक्नेछः–

(क) नेपालको राष्ट्रिय हित विपरीत हुने कुनै काम गरेमा,

(ख) समितिको हित विपरीत कुनै काम गरेमा,

(ग) कार्य सम्पादन सम्झौता अनुरुप काम गर्न नसकेमा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(६) सञ्चालक समितिले कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) समितिको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि सञ्चालक समितिसमक्ष पेश गर्ने,

(ग) समितिको दैनिक कार्यको व्यवस्थापन, सुपरीवेक्षण, अनुगमन तथा निरीक्षण गर्ने,

(घ) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वयकर्ताको रुपमा काम गर्ने र समस्याको समाधान गर्न आवश्यक पहल गर्ने,

(ङ) आयोजना कार्यान्वयन गर्न सम्झौता बमोजिम खरिद सम्बन्धी कारबाही गर्ने,

(च) लागत अनुमान तथा बोलपत्र स्वीकृत गर्ने,

(छ) आयोजनाको लागि आवश्यक पर्ने परामर्शदाता, सल्लाहकार र कर्मचारी नियुक्त गर्ने,

(ज) तोकिए बमोजिम अन्य काम गर्ने, गराउने ।

८. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) समितिको कार्य सञ्चालनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन्।

(२) समितिको लागि आवश्यक पर्ने कर्मचारीको नियुक्ति गर्दा सञ्चालक समितिले एमसिसिको सहमतिमा निर्धारण गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

प्रक्रिया बमोजिम बिना भेदभाव, खुला, पारदर्शी र प्रतिस्पर्धात्मक प्रतियोगिताको आधारमा गर्नु पर्नेछ।

(३) समितिमा रहने कर्मचारीको नियुक्ति, योग्यता, पारिश्रमिक, सेवा, शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

९. **<u>व्यवस्थापन इकाईः</u>** (१) समितिको काम कारबाही प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि समितिमा कार्यकारी निर्देशकको संयोजकत्वमा तोकिए बमोजिमको एक व्यवस्थापन इकाई रहनेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन इकाईको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१०. **<u>समितिको कोषः</u>** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) सम्झौता कार्यान्वयनका लागि संयुक्त राज्य अमेरिका सरकारबाट एमसिसि मार्फत सम्झौता अवधिभर प्राप्त हुने सहयोग वा अनुदान रकम,

(ग) नेपाल सरकार र एमसिसिले सहमति जनाएका अन्य स्रोतबाट प्राप्त रकम ।

(२) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(३) उपदफा (१) बमोजिम समितिलाई प्राप्त हुने रकम प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त नेपालभित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(४) समितिको कोष तथा खाताको सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

११. <u>**लेखा तथा लेखापरीक्षणः**</u> (१) समितिको कोषको आय व्ययको लेखा प्रचलित कानून र सम्झौता बमोजिम राखिनेछ।

(२) समितिको कोषको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ।

(३) नेपाल सरकार वा एमसिसिले चाहेमा जुनसुकै बखत समितिको कोषको हिसाब किताब जाँच गर्न वा गराउन सक्नेछ।

१२. <u>**उपसमिति वा कार्यदल गठन गर्न सक्नेः**</u> (१) समितिको काममा सहयोग गर्न सञ्चालक समितिले आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत सञ्चालक समितिले तोकिदिए बमोजिम हुनेछ।

१३. <u>**वार्षिक प्रतिवेदन पेश गर्नेः**</u> (१) समितिले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको विवरण उल्लेख गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू उल्लेख गर्नु पर्नेछः-

(क) समितिले आफूले सम्पादन गरेका मुख्य काम कारबाहीको विवरण, उपलब्धि र सो कार्य सम्पादन गर्दा आई परेका समस्याहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ख) समितिको आय व्ययको विवरण सहितको लेखा तथा वासलात,

(ग) आयोजनाको स्थिति, सम्पन्न गर्न बाँकी रहेका कामको विवरण तथा सम्पन्न गर्न लाग्ने अनुमानित समय,

(घ) समितिले वहन गर्नुपर्ने दायित्वको विवरण,

(ङ) समितिले आवश्यक ठानेका अन्य विषय ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्नु पर्नेछ।

१४. **अधिकार प्रत्यायोजनः** (१) सञ्चालक समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार सञ्चालक समितिको कुनै सदस्य वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१५. **बैठक भत्ता तथा सुविधाः** सञ्चालक समितिका सदस्यहरुले बैठकमा भाग लिए बापत मन्त्रालयले निर्धारण गरेको मापदण्ड अनुसारको बैठक भत्ता तथा सुविधा पाउनेछन्।

१६. **समितिको कार्यालय र नामः** (१) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र समितिले आवश्यकता अनुसार काठमाडौं उपत्यका बाहिर आयोजना कार्यालय खोल्न सक्नेछ।

(२) समितिको कार्यालय "मिलेनियम च्यालेञ्ज एकाउण्ट विकास समिति" को नामबाट प्रचलित हुनेछ र यसलाई छोटकरीमा "एमसिए-नेपाल" भनिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१७. <u>**नेपाल सरकारसँग सम्पर्क:**</u> समितिले नेपाल सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ।

१८. <u>**विनियम बनाउने अधिकार:**</u> यस आदेशको कार्यान्वयन गर्न समितिले आवश्यक विनियम बनाउन सक्नेछ।

**आज्ञाले,**

**राजन खनाल**

**नेपाल सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।